पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ०७७/७८
चलानी नं./Ref. No. :

मितिः २०७७।०६।०५

## पूर्वखोला गाउँपालिकाको अत्यन्त जरुरी सूचना।

यस पूर्वखोला गाउँपालिका वडा नं. ४ देवीनगरको बजार क्षेत्रमा समुदाय स्तरमा एक जनामा कोरोना भाइरस पोजिटिभ पुष्टि भएको कारण कोरोना भाइरस समुदाय स्तरमा नफैलियोस् भन्ने तर्फ यस पूर्वखोला गाउँपालिका सजग रहदै मिति २०७७।०५।२६ गते बेलुका आकस्मिक रुपमा बसेको कोरोना रोकथाम तथा नियन्त्रण स्थानीय समन्वय समिति (CCMC) को बैठकको निर्णयानुसार मिति २०७७।०५।२७ गतेदेखि २०७७।०६।०५ गते सम्म पूर्वखोला गाउँपालिका वडा नं. ४ देवीनगर स्थित पूर्वमा मोहकाल जाने मोटरबाटो, पश्चिममा खिर्रभन्ज्याङ्ग नजिकको ठाटिगौडा, उत्तरमा मातृभूमि मा.वि.को अंग्रेजी ब्लग र दक्षिणमा काफलडाँडा (वोहरीथोक) जाने मोटरबाटोको क्षेत्रमा शिल गरिएकोमा कन्ट्याक ट्रेसिङ गरि संकलन गरिएको स्वाब परिक्षणका लागि पठाइएकोमा सबै (१९ जना) को **पिसिआर रीपोर्ट नेगेटिभ** आएकोले तोकिएको निषेधाज्ञा हटाइएको र मिति २०७७।०६।०६ गते देखि वडा कार्यालय तथा स्वास्थ्य चौकीबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु सुचारु हुने समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस विषम परिस्थितिमा आम नागरिकहरुलाई कोरोनो भाइरस विरुद्ध सचेत र सजग रहन, माक्सको अनिवार्य प्रयोग गर्न, आवश्यकता अनुसार सेनेटाइजर वा साबुन पानीको प्रयोग गर्न र स्वास्थ्य मापदण्डलाई ध्यान दिन यस पूर्वखोला गाउँपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

मोहन ढकाल
स्वास्थ्य शाखा प्रमुख